प.सं. : MFL/HO/2079-80/614

मिति : २०७९/१०/२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं
नेपाल ।

बिषयः पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९/०९/२९ गते शुक्रवार सम्पन्न पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय यसै पत्र साथ संलग्न गरि पठाईएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

भवदीय,

मञ्जुश्री फाईनान्स लिमिटेड MANJUSHREE FINANCE LIMITED

विकाश राज शाक्य
कम्पनी सचिव

बोधार्थः
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

Head Office
Omkar Building (2nd Floor)
New Baneshwor, Kathmandu
Tel.: 977 -01-4792517
Fax: 977-1-4792534

New Road Branch 01 - 5322103/57
Chabahil Branch 01-5916559/60
Gongabu Branch 01-5912032/33
Kalanki Branch 01-5224022/34
Narayanghat Branch 056 -596034/434
Butwal Branch 071 - 535913/914
Dhangadi Branch 091 - 526866
Itahari Branch 025 - 584286
Biratnagar Branch 021-511194/95
Nepalgunj Branch 081-537508/09
Dharan Branch 025-530203/38
Pokhara Branch 061-574213/14
Birgunj Branch 051-532037
Murgiya Branch 071-440122 /23
Yogikuti Branch 071-438563/64
Manigram Branch 071-562887/987
Bhairahawa Branch 071-590971/72
Gaindakot Branch 078-502315/16
Bharatpur Branch 056-590134/234
Tandi Branch 056-490026/27
Parsa Bazar Branch 056-582961/62
Inaruwa Branch 025-590031/32
Jhumka Branch 025-562169
Biratchowk Branch 021-545115/16

E-mail: info@manjushreefinance.com.np, Web: www.manjushreefinance.com.np

## मञ्जुश्री फाईनान्स लिमिटेडको

## पन्ध्रौं वार्षिक साधारण सभाको

## निर्णय-पुस्तिका

यस मञ्जुश्री फाईनान्स लिमिटेडको **पन्ध्रौं वार्षिक साधारण सभा (15th Annual General Meeting)** कम्पनीको सञ्चालक समितिका **अध्यक्ष श्रीमती इन्दिरा पण्डित (घिमिरे) ज्यू** को सभापतित्वमा निम्न लिखित मिति, समय र स्थानमा बसि निम्न बिषयहरु उपर छलफल गरि निम्नानुसारको निर्णय गरि **पन्ध्रौं वार्षिक साधारण सभा** सुसम्पन्न भयो ।

१. **पन्ध्रौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान** :

मिति : २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी २०२३) ।
समय : विहान ११:०० बजे
स्थानः थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ ।

२. **पन्ध्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु** :

**(क) सामान्य प्रस्ताब :**

१. आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात एवं आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०७९/८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वहालवाला लेखापरिक्षक श्री पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनु हुन्छ) ।
४. संस्थापक समूहका शेयरधनिहरुको तर्फबाट निर्वाचित सञ्चालकहरु मध्येका एक जना सञ्चालकज्यूले दिनु भएको राजिनामा स्वीकृत भए पश्चात् निजको बाँकी अवधिको कार्यकालका लागि नियूक्त हुनु भएका सञ्चालकज्यूको नियूक्तिका सम्बन्धमा सञ्चालक समितिबाट भएको निर्णयलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. यस वित्तिय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तिय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तिय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

३. <u>उपस्थिति</u> :

**(क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सञ्चालकहरुको उपस्थिती :**

| | | |
|---|---|---|
| १. | श्री इन्दिरा पण्डित (घिमिरे) | अध्यक्ष |
| २. | श्री यादब अधिकारी | सञ्चालक |
| ३. | श्री सुमन प्रसाद अधिकारी | सञ्चालक |
| ४. | श्री रामहरी शर्मा | सञ्चालक |
| ५. | श्री चिन्तामणी गौतम | सञ्चालक |
| ६. | श्री दिलमान सिंह चन्द | सञ्चालक |
| ७. | श्री अरुण न्यौपाने | सञ्चालक |

**(ख) अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री नारायण सुवेदी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विकाश राज शाक्य | कम्पनी सचिव |
| ३. | श्री शम्भु कुमार राउत | प्रमुख कर्जा अधिकृत |
| ४. | श्री गणेश खत्री | प्रमुख व्यापार अधिकृत |
| ५. | श्री सुनिल जङ्ग शाही | प्रवन्धक-सूचना प्रविधि |
| ६. | श्री शर्मिला कायस्थ | प्रमुख-मानव संसाधन |
| ७. | श्री प्रिस्का थापा | व्यापार प्रवर्धन अधिकृत |

**(ग) आमन्त्रित :**

१. सिए. श्री प्रकाश लम्साल, पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस् ।

२. प्रतिनिधि एन आई बि एल एस क्यापिटल मार्केट लिमिटेड (शेयर रजिष्ट्रार)

३. कानूनी सल्लाहकार अधिबक्ता श्री श्रीधर भण्डारी

४. **उपस्थित शेयरधनिहरुको शेयर संख्या** :

१). <u>शेयरधनि स्वयंको उपस्थिति</u> :

(क) संस्थापक शेयरधनिहरुको उपस्थित शेयर संख्या : १९,१४,८९८

(ख) सर्वसाधारण शेयरधनिहरुको उपस्थित शेयर संख्या : १,३८,७०६

२) <u>प्रतिनिधि (प्रोक्सी) मार्फतको उपस्थिति</u> :

(क) संस्थापक शेयरधनिहरुको उपस्थित शेयर संख्या : ४४,८९,३२६

(ख) सर्वसाधारण शेयरधनिहरुको उपस्थित शेयर संख्या : ५,१९,६१५

५. **शेयरधनिहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या र उपस्थिति प्रतिशत :**

१) शेयरधनिहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या : ७०,६२,५४५

२) शेयरधनिहरुको प्रतिनिधित्व प्रतिशत : ५२.२६%

६. **साधारण सभा सम्बन्धि सूचना :**

यस मञ्जुश्री फाईनान्स लिमिटेडको मिति २०७९ साल पौष ०७ गते बुधवार बसेको सञ्चालक समितिको २३७ औं बैठकको निर्णय बमोजिम मिति २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी २०२३) थापागाँउ व्याङकेट, थापागाँउ, नयाँबानेश्वर, काठमान्डौंमा साधारण सभा बस्ने भनि मिति, समय, स्थान र छलफल हुने विषय समेत खोली पहिलो पटक मिति २०७९।०९।०८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०७९।०९।१४ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरि सबै शेयरधनि महानुभाबहरुलाई सार्वजनिक रुपमा नै सूचीत गरिएको, पन्ध्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषय समेत खोली सम्वन्धीत सवै शेयरधनि महानुभाबहरुको जानकारीको लागि कम्पनीको सूचनापाटी तथा कम्पनीको वेभसाइटमा सूचना प्रकाशित गरिएको र शेयरधनि महानुभावहरुको उपलव्ध मोवाईलमा एस एम एस मार्फत समेत पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धि सूचना प्रेशित गरि जानकारी गराईएबाट कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिमको सम्पुर्ण प्रकृया पुरा भएको व्यहोरा अध्यक्ष ज्यूको अनुमतिले सभाका सञ्चालक तथा कम्पनीका कम्पनी सचिव विकाश राज शाक्यले सभालाई जानकारी गराउनु भयो ।

७. **गणपुरक संख्या :**

पन्ध्रौं वार्षिक साधारण सभामा कम्पनीको वाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनी महानुभावहरुको उपस्थिति रहेकोले कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम गणपुरक सख्या समेत पुगेको व्यहोरा अध्यक्षको अनुमतिले सभाका सञ्चालकले सभालाई जानकारी गराउनु भयो ।

| वाँडफाँड भएको कुल शेयर संख्या | स्वयं उपस्थित शेयर संख्या | प्रतिनिधि मार्फत उपस्थित शेयर संख्या | शेयर धनिहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| १,३५,१५,५२८.४८८ | २०,५३,६०४<br>१५.१९% | ५०,०८,९४१<br>३७.०७% | ७०,६२,५४५ | ५२.२६% |

८. **सभाको वैधानिकता तथा सभापतित्व :**

पन्ध्रौं वार्षिक साधारण सभामा शेयरको सम्पुर्ण संख्याको ५२.२६% प्रतिनिधित्व भई कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम गणपुरक संख्या पुगेको, कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सवै शेयरधनि महानुभावहरुलाई साधारण सभा सम्वन्धी सूचना प्रवाह भएको हुँदा अध्यक्षको अनुमतिले सभाका सञ्चालक तथा कम्पनी सचिवले सभा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम बैधानिक भएको घोषणा सभा समक्ष गर्नु भए पश्चात् सञ्चालक समितिका अध्यक्ष **श्रीमती इन्दिरा पण्डित (घिमिरे)** ले पन्ध्रौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरी सबै शेयर धनि महानुभाबहरुको स्वागत गर्दै छलफलका विषय सूचि अनुसार सभाको शुभारम्भ गर्नु भयो ।

९. **सभाको सञ्चालन तथा प्रतिबेदन प्रस्तुति :**

कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा शुभारम्भ गरी सभा सञ्चालन गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति **श्री इन्दिरा पण्डित (घिमिरे)ज्यूले** सबै शेयरधनि महानुभाबहरु समक्ष आ.ब. २०७८/०७९ को सञ्चालक समितिको प्रतिबेदन सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् सञ्चालक समितिको प्रतिबेदन, आ.ब. २०७८/०७९ को लेखापरिक्षण प्रतिबेदन सहितको वासलात, नाफा नोक्सानको हिसाब किताब तथा नगद प्रबाहको विवरण र पन्ध्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु छलफलका लागि प्रस्तुत गर्नु भई, सो उपर छलफल गर्न र यसका विविध पक्षहरुका बारेमा आ-आफ्ना विचार, मन्तव्य, सुझाव एवं जिज्ञासाहरु व्यक्त गर्नको लागि सबै शेयरधनि महानुभावहरुलाई सामूहिक रुपमा अनुरोध समेत गर्नु भयो ।

१०. **सभाका सभापति तथा कम्पनीका अध्यक्ष श्री इन्दिरा पण्डित (घिमिरे)ज्यू को अनुरोध पश्चात् छलफलमा सहभागि भई आ-आफ्नो राय सुझाव व्यक्त गर्नु हुने तथा लिखित रुपमा सुझाव दिनु हुने शेयरधनि महानुभावहरु :**

१) श्री दामोदर प्रसाद गौतम
२) श्री सुदिप श्रेष्ठ
३) श्री गोविन्द प्रसाद शर्मा
४) श्री व्यास कुमार शर्मा

११. **शेयरधनि महानुभावहरुले छलफलमा सहभागि भई तथा लिखित रुपमा दिनु भएको मुख्य मुख्य राय सुझावहरु :**

१) संस्थाको साख भनेको ठूलो सम्पत्ती हो यसलाई जोगाई राख्न सफल भएकोमा सञ्चालक समितिलाई धन्यवाद दिनु पर्ने,

२) संस्थाको हरेक कृयाकलापमा Uniformity हुनु आवश्यक रहेकोले हिजोका दिनमा सञ्चालक समितिको बैंठक प्रत्येक महिनाको पहिलो शुक्रवार दिनको १ वजे गर्ने गरिएकोमा हाल पनि यस परिपाटीलाई यथावत रुपमा निरन्तरता दिइएको छ भन्ने अपेक्षा रहेको ।

३) हिजोका दिनमा यस संस्थाले संस्थाका कर्मचारीहरुलाई दक्ष बनाउन विभिन्न तरिकाहरु अवलम्बन गरेका कारण यस संस्थामा काम गरेका कर्मचारीहरुलाई मञ्जुश्री फाइनान्समा काम गरेको भन्ने वित्तिकै विभिन्न बैंक तथा विकास बैंकहरुले त्यस्ता कर्मचारीहरुलाई प्रमोशनका साथ साथ विशेष सुविधा दिई आफ्नो संस्थामा तान्ने गरिएको उदाहरणहरु थुप्रै रहेकाले संस्थाको Goodwill प्रतिस्पर्धी संस्थाहरुका सामु राम्रो रहेकोले यसलाई भोलिका दिनमा समेत कायमै राख्न सञ्चालक समिति तथा व्यवस्थापन सक्षम हुनेमा विश्वस्त रहेको ।

४) वार्षिक प्रतिवेदनमा विगत ५ वर्षको तुलनात्मक औषत प्रतिफल झल्कने परिसूचकहरु राख्दा राम्रो हुने ।

मञ्जुश्री फाईनान्स लिमिटेड MANJUSHREE FINANCE LIMITED

५) संस्थाको आफ्नै भवन हुँदा राम्रो हुने ।

६) संस्थाको साधारण सभा दशै अघि नै गर्दा राम्रो हुने ।

७) अघिल्लो साल ४६ प्रतिशत लाभांश खुवाउन सफल भएको संस्थाले यस वर्ष लाभांश वितरण नगर्दा खल्लो अनुभुती भएकोले संस्थाको तर्फबाट आगामी वर्ष डवल डिजिटमा लाभांश वितरण गर्छ भन्ने प्रतिवद्दता आउनु पर्ने ।

८) मुनाफा बृद्धि गर्न Business Portfolio Manage उल्लेखिय रुपमा बृद्धि गर्नु पर्ने ।

९) Quality Lending, Excellent गर्दै Assets को Quality बृद्धि गर्नु पर्ने ।

१०) Non-funded business तथा अन्य आम्दानीका शिर्षक तर्फ समेत बृद्धि गर्न व्यवस्थापनले ध्यान केन्द्रित गर्नु पर्ने ।

११) Digitalization र अत्याधुनिक प्रविधिको प्रयोग तर्फ बढी पहल गर्ने र Long term liability (कर्मचारी संख्या) बृद्धि गर्ने तर्फ Conservative Approach लिनु पर्ने ।

१२) Risk Management तथा Internal control तर्फ पूर्ण सचेत हुनु पर्ने ।

१३) Capital Adequacy समेत Maintain गर्न आगामी वर्ष वोनस Issue गर्ने तर्फ सञ्चालक समिति पूर्ण सचेत रहनु पर्ने ।

१४) Compline को पूर्ण परिपालना तर्फ समेत सचेत रहनु पर्ने ।

१२. **शेयर धनि महानुभाबहरुको उपरोक्त राय, सुझाव, जिज्ञासा तथा प्रतिकृयाहरु उपर सभाका सभापतीको अनुमतीले संस्थाका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नारायण सुवेदीज्यूले दिनु भएको प्रत्युत्तर :**

सर्वप्रथमतः पन्ध्रौं वार्षिक साधारण सभा समक्ष शेयरधनि महानुभावहरुले छलफलमा सहभागिता जनाई लिखित तथा मौखिक रुपमा दिनु भएको/उपलव्ध गराउनु भएको अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरुका लागि हार्दिक आभार प्रकट गर्दै विशेष धन्यबाद दिन चाहन्छु । सवै शेयरधनि महानुभावहरुलाई कुनै पनि समयमा संस्थामा आई आफूलाई राय सुझाब राखि दिनु हुन समेत आग्रह गर्दछु । शेयरधनि महानुभावहरुबाट सभामा प्राप्त अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरुका अलावा बेलाबखत संस्थाको कार्यालयमा आई दिनुहुने अमुल्य राय सुझावलाई समेत आगामी दिनहरुमा क्रमशः अबलम्वन गर्न प्रतिबद्धता समेत जाहेर गर्दछु । साथै शेयरधनि महानुभावहरुले औल्याउनु भएका कमि कमजोरीहरुलाई सुधार गर्न सञ्चालक समिति तथा व्यबस्थापन पक्ष अत्यन्त सजग रहने छ भन्ने कुरा यस गरिमामय सभा समक्ष विश्वास दिलाउन चाहन्छु ।

यस संस्थाको यस अघि सम्पन्न साधारण सभाहरुमा संस्थाको आफ्नो भवन हुनु पर्छ भन्ने आवाज उठे अनुरुप संस्थाले सो का लागि उपसमिति समेत गठन गरी घर जग्गा खरिदका लागि सूचना निकालिएकोमा हाम्रो पूँजीको उच्चतम सदुपयोग हुने प्रकृतिको जग्गा प्राप्त गर्न नसकिएकोले जग्गा खोजीको कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिईने ।

मञ्जुश्री फाईनान्स लिमिटेड MANJUSHREE FINANCE LIMITED

यस वर्ष संस्थाले लाभांश वितरण गर्न नसक्नुको कारणका सम्बन्धमा राख्नु भएको जिज्ञासाका सम्बन्धमा भन्नु पर्दा अघिल्लो वर्ष यस संस्थाले मिले सम्मको सवै लाभांश वितरण गरि संस्थाको पूजीगत अवस्थालाई सुदढ बनाएको र संस्थाको व्यापार व्यवसायलाई बढाएर नै संस्थाको प्रगति गर्न सकिन्छ भन्ने शेयरधनिहरुबाट प्राप्त सल्लाह र सुझाबलाई नै मनन गरी यस संस्थाले मुख्य शाखा सहित २७ शाखा कार्यालयहरु सञ्चालनमा ल्याई संस्थाको व्यापारको साइजलाई व्यापक रुपमा बृद्धि गरीएको कारण यस वर्ष लाभांश वितरण नगरिएको र आगामी वर्ष दोहोरो अंकमा नै लाभांश वितरण गर्न सक्षम हुने गरि कार्य गर्न प्रतिबद्ध रहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु ।

विगतमा शेयरधनि महानुभावहरुले दिनु भएको सल्लाह सुझाव समेतलाई आत्मसाथ गर्दै यस संस्थाले विभिन्न कम्पनीहरुको शेयरहरुमा Secondary market मार्फत लगानी गरि नाफा कमाउन सफल भएकोमा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशनमा शेयरहरुमा संस्थाको प्राथमिक पुँजीको ३० प्रतिशत सम्म मात्र लगनी गर्न मिल्ने र त्यसरी खरिद गरिने शेयर पनि कम्तीमा १ वर्ष सम्म होल्ड गरेर राख्नु पर्ने, एक वर्ष व्यतित भएका लगानी मध्येबाट एक आर्थिक वर्षमा प्राथमिक पूँजीको १ प्रतिशत रकम सम्मको लगानी भएको शेयर मात्र विक्रि गर्न सक्ने घ वर्गको लघुवित्त वित्तिय संस्थाको शेयरमा लगानी गर्न नपाइने जस्ता व्यवस्थाहरु समावेश भई आएकोले हाल यस्तो क्षेत्रमा लगानी गर्ने सम्बन्धमा पर्ख र हेरको नितिलाई नै निरन्तरता दिई हाललाई संस्थाले आफ्नो व्यापार व्यवसायको बृद्धिमा नै ध्यान केन्द्रित गर्ने व्यहोरा समेत यस गरिमामय सभा समक्ष जानकारी गराउँन चाहन्छु ।

शेयरधनि महानुभावहरुबाट मर्जरको सम्बन्धमा राख्नु भएको जिज्ञासा र सुझाबका सम्बन्धमा हामीले विगत बर्ष देखि नै शेयरधनि महानुभावहरुको सुझाब अनुरुप नै राम्रो संस्थासँग सवै शेयरधनिहरुको हित हुने हिसावले मात्र मर्जरमा जाने अन्यथा नजाने निति अख्तियार गरि आएको व्यहोराका सम्बन्धमा सभा जानकार नै रहेकोले यस पटक पनि राम्रो संस्थाहरुसँगको मर्जरको ढोका खुलै राखिएको हो र यस संस्थालाई यदि मर्जरमा जानु पर्ने स्थितिको श्रृजना भएमा सवै शेयर धनिहरुको हित हुने गरि मात्रै मर्जरमा जाने व्यहोरा यस गरिमामय सभा समक्ष प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्तमा यस संस्थाको व्यापारको साइजलाई बढाई दोव्वर बनाई व्यापारमा नै संस्थाको ध्यान केन्द्रित गरी कार्य गरेमा संस्थाको प्रगति सम्भब र सुनिश्चत रहेकोले हाललाई संस्थाको व्यापारको साइज बढाई सेवा विस्तार गर्न शाखाहरु समेत थप गरि संस्थाको व्यापार बढाउन लागि परेकोले यस संस्थाको भविष्य सदा झै उज्वल नै रहनेमा यस गरिमामय सभालाई विश्वस्त तुल्याउन चाहन्छु । साथै हाम्रा काम कारवाही, व्यवहार र संस्थाको प्रगती आदिका वारेमा शेयर धनि महानुभावहरुबाट अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरु निरन्तर पाईरहने अपेक्षा गर्दै यहाँहरुको महत्वपूर्ण बिचार, राय, सुझाव तथा मार्ग निर्देशनहरु विभिन्न माध्यमहरुबाट प्राप्त गर्नका लागि म प्रमुख कार्यकारी अधिकृतको हैसियतबाट प्रतिवद्ध रहेको व्यहोरा सादर जानकारी गराउँदछु ।

मन्जुश्री फाईनान्स लिमिटेड MANJUSHREE FINANCE LIMITED

१३. **पन्ध्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु उपर छलफल गरी पारित भएका निर्णयहरु :**

क) **सामान्य प्रस्ताबहरु उपरको निर्णय**

१) आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल हुँदा उक्त वार्षिक प्रतिवेदन सर्वसम्मतीले पारित गर्ने निर्णय गरीयो ।

२) लेखापरिक्षक श्री पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस्को प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात एवं आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि उक्त प्रस्ताबलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरीयो ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा तथा मिति २०७९/०९/२९ विहान १०.०० बजे बसेको यस संस्थाको २३९ औं संचालक समितिको बैठकबाट सिफारिस भए बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा लेखापरिक्षक श्री पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस्लाई पुनः लेखापरिक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतीले पारित गरीयो । आर्थिक वर्ष २०७९/०८० को लेखापरिक्षण गरे बापत निज लेखापरिक्षक श्री पि. एल. आर. जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस्को पारिश्रमिक रु ३,६०,०००.०० (अक्षरुपी तिन लाख साठी हजार रुपैया मात्र) (भ्याट बाहेक) निर्धारण गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरीयो ।

४) संस्थापक समूहका शेयरधनिहरुको तर्फबाट निर्वाचित सञ्चालकहरु मध्येका एक जना सञ्चालक श्री श्री रविन राज देवकोटाज्यूले दिनु भएको राजिनामा स्वीकृत भए पश्चात् निजको बाँकी अवधिको कार्यकालका लागि नियूक्त हुनु भएका सञ्चालक श्री सुमन प्रसाद अधिकारी ज्यूको नियूक्तिका सम्बन्धमा सञ्चालक समितिबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरीयो ।

(ख) . **विशेष प्रस्तावहरु उपरको निर्णय :**

१) यस वित्तिय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तिय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तिय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरीयो ।

(ग) **विविध** : विविध शिर्षक अन्तर्गत अन्य छलफलको विषय बाँकी नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ बमोजिम यस वित्तिय संस्थाका अध्यक्ष

तथा कम्पनी सचिबले प्रमाणिकरण गरि कम्पनी सचिबले सो निर्णय पुष्तिकाको प्रतिलिपि प्रमाणित गरि प्रतिलिपिहरु बुझाउनु पर्ने विभिन्न नियमनकारी निकायहरुमा बुझाउने निर्णय समेत सर्वसम्मतीले पारित गरीयो ।

१४. धन्यबाद ज्ञापन गर्दै सभा बिर्सजन : अन्तमा सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष **श्री इन्दिरा पण्डित (घिमिरे)** ज्यूले उपस्थित सबै शेयरधनी महानुभाबहरुलाई धन्यबाद ज्ञापन गर्दै सभा बिर्सजन भएको घोषणा गर्नु भयो ।

मञ्जुश्री फाईनान्स लिमिटेड
MANJUSHREE FINANCE LIMITED

.........................
श्री विकाश राज शाक्य
कम्पनी सचिव

.........................
श्री इन्दिरा पण्डित (घिमिरे)
अध्यक्ष

सम्बत् २०७९ साल पौष महिना २९ गते शुक्रवार ।